# झापा बाढीको उच्च जोखिममा

## पालिकाहरूमा छैन पूर्वतयारी र प्रतिकार्य योजना

**पार्थ मण्डल** | *झापा*

मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्ष औसतभन्दा बढी पानी पर्ने आकलन गरे पनि झापाका पालिकाहरूले पूर्वतयारीमा खासै चासो नदेखाएको जनाइएको छ।

झापा जिल्ला बाढीको उच्च जोखिममा पर्छ। बाढीका कारण जिल्लाका ८ हजार ९ सय १९ घरधुरी अति जोखिममा रहे तापनि स्थानीय सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नबनाएकाले तत्काल त्यसतर्फ ध्यान दिन जिल्ला प्रशासन कार्यालय झापामा सोमबार बसेको सर्वपक्षीय बैठकमा नेपाल रेडक्रस सोसाइटी झापाले आग्रह गरेको छ।

बिरिङ, कनकाई, रतुवा, मेची, निन्दा, देउनियाँ, फुलवासा, हडिया, टाङटिङ, कमललगायत नदीहरूका कारण जिल्लाका दक्षिणी भेगका चार पालिका उच्च जोखिममा रहेको रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए।

उच्च जोखिममा रहेका पालिकाहरू गौरीगन्ज, झापा, कचनकवल र बाह्रदशी रहेका छन्। अन्य पालिकाहरूमध्ये जोखिममा रहेको उनको भनाइ छ।



कनकाई नदीमा पानीको तह ३.८ भयो भने सचेतना तह र ४.३ भयो भने त्यसलाई खतराको तह भनिन्छ। '४.३ पानीको तह हुनेबित्तिकै जिल्लाका करिब ९ हजार घरधुरी विस्थापित हुन्छ,' उनले भने, 'घरभित्र पानी पसेर डुबानमा पर्ने समस्या त छँदैछ।'

जिल्लाका क्षेत्र भएर बग्ने कनकाई, बिरिङ र निन्दा नदीमा बाढी मापन केन्द्र र जिल्लाका ९ स्थानमा वर्षामापन केन्द्र रहेको छ। यी सबै मापन केन्द्रहरू यही जेठ १५ गतेदेखि एक्टिभ हुन्छन्। जिल्लामा १२५ जना रेडक्रस स्वयंसेवकहरू रहेको जानकारी गराउँदै उनले भने, 'बाढीपश्चात् चाहिने आवश्यक सामग्रीहरू भण्डारणका लागि माई वारि र पारी गरी दुई स्थानमा कन्टेनर राखिसकेका छौं।'

राखिएको कन्टेनर थप विपद् जन्य आवश्यक सामग्री उपलब्ध गराइदिनुहुन उनले जिल्लाका सबै पालिकाहरूलाई अनुरोधसमेत गरेका छन्। यस वर्ष औसतभन्दा बढी पानी पर्ने र त्यसबाट २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ। तर, जिल्लामा त्यस्तो पूर्वतयारी सोचेअनुसार नभएको उनको भनाइ छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा ११ (न) विपत् व्यवस्थापन राखिए पनि पालिकाहरूले यस शीर्षकमा बर्सेनि बजेट नै छुट्याइएको हुँदैन। 'जिल्लाका १३१ वडा कार्यालयमा गएर हेर्दा पनि हुन्छ विपत्मा चाहिने आवश्यक सामग्री पनि पाइँदैन,' उनले थपे। बाढीपछिको विपत्जन्य घटनाबाट जनतालाई बचाउन अहिलेदेखि नै तयारीमा जुट्नुपर्ने उनको भनाइ छ।

त्यस्तै, मौसम विज्ञान फिल्ड कार्यालय झापाका सुमनराज भट्टराईका अनुसार जिल्लामा पनि यस वर्ष औसतभन्दा बढी पानी पर्ने जानकारी गराए। उनका अनुसार मार्च महिनामा विगत १० वर्षको औसतमा कम पानी परेको थियो भने अप्रिलमा विगत १० वर्षभन्दा औसतमा बढी पानी परेको बताए। जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा बसेको बैठकमा विपत् व्यवस्थापन सम्बन्धी विभिन्न निर्णयसमेत गरिएको जनाइएको छ।

# माओवादी केन्द्रको सचिव पाएपछि श्रेष्ठले गरे नेसपालाई समायोजन



**काठमाडौं** (अन्नपूर्ण) : नेपाल समाजवादी पार्टी (नेसपा) का गंगानारायण श्रेष्ठ समूह नेकपा (माओवादी केन्द्र)मा समाहित भएको छ। श्रेष्ठलाई माओवादी केन्द्रले सचिव बनाउने भएपश्चात् सोमबार ललितपुरमा आयोजित एक कार्यक्रममा उनी नेतृत्वको समूह माओवादी केन्द्रमा समायोजन भएको हो। यस अगाडि डा. बाबुराम भट्टराईबाट विभाजित भएर गएको महेन्द्रराय यादवले माओवादीसँग सहमति नगरेपछि श्रेष्ठ पक्ष सोमबार माओवादीमा गएको हो।

दुई पार्टीबीच ५ बुँदे सहमति भएको छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेपाल समाजवादी पार्टीका गंगानारायण श्रेष्ठबीच सहमतिपत्रमा हस्ताक्षर र पत्र आदानप्रदानसमेत भएको छ। सहमतिका बुँदामा अरू नेतालाई पनि उचित जिम्मेवारी दिने उल्लेख छ। पार्टीको कार्यक्रम नेपाली विशेषता अनुरूपको समाजवादी कान्तिको कार्यक्रम हुने उल्लेख छ।

## मकवानपुरमा बस दुर्घटना, २ को मृत्यु

**अन्नपूर्ण** (मकवानपुर) : पालुङमा यात्रुबाहक बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्।

दुर्घटनामा परी हाल ठेगाना नखुलेका अन्दाजी ३५-४० वर्षका कृष्ण बलामी र लोकेन्द्रकुमार ठाकुरको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुवै जनाको शव पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा राखिएको छ।

प्रहरीका अनुसार आज साँझ थाहा नगरपालिका-३ विद्युत् प्राधिकरण नजिकै त्रिभुवन राजपथ सडकखण्डमा गोपाली गाउँबाट थानाबजारतर्फ गइरहेको बा३ख ५९९० नम्बरको यात्रुबाहक बस सडकमा हिँडिरहेका पैदलयात्रुलाई ठक्कर दिँदै थाहा नगरपालिकाका उपमेयर भरत गोपालीको घरमा खसेको थियो।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी निरीक्षक सबिनबाबु अर्यालको कमाण्डमा खटिएको टोलीले घाइतेको उद्धार गरी उपचारका लागि अस्पताल पठाएको हो। घाइतेमध्ये अन्दाजी ३५-३६ वर्षका रघुनन्दन यादव र कमलेशकुमार साहलाई थप उपचारका लागि काठमाडौं ट्रमा सेन्टर रिफर गरिएको छ।

त्यस्तै बारा जितपुर सिमरा उपमहानगरपालिका-१७ का ३२ वर्षीय छेयाङ दोर्जे लामा र त्यहाँकै कोल्हवी नगरपालिका-१ का ३० वर्षीय रामगुलाम चौधरीको पालुङमै उपचार भइरहेको जनाइएको छ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

### गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८२/०२/१३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| बुटवल शाखा, रुपन्देही | |
|---|---|
| **सम्पतिको विवरण (घर/जग्गाको विवरण)** | |
| **मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको :** | **थप विवरणका लागी** |
| १. रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. २०१५ र ११९ को क्षेत्रफल क्रमशः ०-१५-६.७५-० र ०-१-१-० विगाहा वा ५१९३.७३ र ३५५.५७ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. १३३४ र ४०९ को क्षेत्रफल क्रमशः ०-२-०.७५-० र ०-१२-११.५०-० विगाहा वा ६८९.९८ र ४२५८.३९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको :** | **थप विवरणका लागी** |
| १. कपिलवस्तु जिल्ला, मोतिपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १८ र २५ को क्षेत्रफल क्रमशः ३३७.०० र ५९२.५० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. कपिलवस्तु जिल्ला, मोतिपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २६ को क्षेत्रफल ८१.८० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **धनगढी शाखा, कैलाली** | |
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | |
| **मालपोत कार्यालय डोटीमा दर्ता कायम रहेको:** | **थप विवरणका लागी** |
| १. डोटी जिल्ला, छहरा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ४१२ को क्षेत्रफल ११-७-१-३ रोपनी वा ५८३२.५९ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय: २०८२ जेठ २७ गते मंगलबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८२ जेठ २८ गते बुधवार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थान: ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००



नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**सघन शहरी तथा भवन निर्माण आयोजना**
मन्थली, रामेछाप

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०२/१३**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा निम्न बमोजिम वोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार e-gp मा दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०२/२० गते का दिन १:०० बजे यस आयोजनाको खरिद शाखामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

**Reconstruction of Chaughara Sattal at Kalinchowk Rural Municipality-08, Dolakha (PUDBC/RAMECHHAP/NCB/WORKS-30/081/82)**

| | |
|---|---|
| १ | N.P.S Construction, Bhaktapur |
| २ | Pawan/S&S JV, Bhaktapur |

**आयोजना प्रमुख**



**तातोपानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिताकोट, जुम्ला
कर्णाली प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/०२/१३**

यस तातोपानी गउँपालिका अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्य गर्नको लागि प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार विद्युतीय माध्यमबाट पर्न आएको तपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही ठहर भई स्विकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | घटी कबोल गर्ने बोलपत्रदाता | बोलपत्रमा घटी कबोल अंक रु. (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १ | TRM/Jumla/W/NCB/2081-82-03 | Topla Swasthya Chauki Nirman | Asian Builders, Jumla, Haku, Nepal | 31,65,923.46 |

**प्रमुख प्रशासकीय अधिकृत**



**चौरपाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चौरपाटी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२०२१३**

यस कार्यालयबाट मिति २०८२ बैशाख ०८ गतेका दिन सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp र हिमालय दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमको निर्माण कार्यको लागी तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| Contract ID N0. | Discription of work | Name of Bidders | Bid Price (without VAT and PS) | Remarks |
|---|---|---|---|---|
| CRM/ACHHAM/NCB/W/B2/2081-082 | Construction of Lungra Health Post Chaurpati-5,Lungra Achham. | Jaya Shree Baidhanatah Nirman Sewa Safebager-9 Achham | 24,74,562.20 | |

**प्रमुख प्रशासकिय अधिकृत**



**चौरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ढाँडखर्क भज्याङ्ग, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति:२०८२/०२/१३**

यस कार्यालयबाट मिति २०८१/११/२८ गते अन्नपूर्ण दैनिक तथा PPMO को Procurement Portal मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजना, बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित र सरभुतरुपमा प्रवाभग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा ITB 39.1 बमोजिम निजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| SN | Project Name | Lowest and Responsive Bidder | Bid Price (With VAT & PS) | Contract ID |
|---|---|---|---|---|
| १ | Construction of Chaunrideurali Rural Municipality Administrative Building | Himal/Prashant/Ugreshwor-JV | 7,88,56,469.4 | CDRM/WORKS/NCB/BLD/08/081/082 |

**प्रमुख प्रशासकीय अधिकृत**